जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः २१७ पृष्ठः ४ | २०८१ पुस १० गते बुधबार (Wednesday 25 Nov. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## अवैध उत्खनन् गर्दैगर्दा डोजर र टिपर नियन्त्रणमा



सिरहा, ९ पुस। सिरहामा नदीमा अवैध रुपमा उत्खनन् गरिरहेको अवस्थामा डोजर (जेसीबी) र टिपर नियन्त्रणमा लिइएको छ। गोलबजार नगरपालिका-१ स्थित गागन खोलाबाट मंगलबार बीहान डोजर र टिपर १/१ वटा नियन्त्रणमा लिइएको हो। नियन्त्रणमा लिइएको प्रदेश ३-०१-००३ क ६९२७ नम्बरको उक्त डोजर र प्रदेश २-०३-००१ क १९४८ नम्बरको चोहर्वास्थित सवडिभिजन वन कार्यालयमा राखिएको छ। सव डिभिजन वन कार्यालय, चोहर्वाका प्रमुख आविद हुसेनले यस विषयमा थप जिल्लाबाटै बुझ्नुपर्ने प्रतिक्रिया दिए।

तर, डिभिजन वन कार्यालय, लहानका प्रमुख शैलेन्द्रकुमार मिश्रले यस विषयमा अनभिज्ञता जनाए। आफूलाई यस विषयमा जानकारी नभएको भन्दै उनी पन्छिए। डिभिजन वन कार्यालय,

-बाँकी तीन पेजमा

## सिरहाका किसानलाई गहुँखेती गर्न रासायनिक मल अभाव

सिरहाका १७ वटै पालिकाका अधिकांश किसानले मल पाउन सकेका छैनन्। कतिपयले मल अभावका कारण गहुँ छर्न पाएका छैनन्। कतिपयले उम्रिएको गहुँमा मल छर्न सहकारी तथा अन्यत्र भौँतारिरहेका भेटिन्छन्। तर मल सहजै पाइँदैन।



सिरहा, ९ पुस। सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-१ का बद्री यादवले रासायनिक मल अभाव हुँदा गहुँ छर्न पाएका छैनन्। कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय लहानले गत मङ्सिरमा तीन चरणमा रासायनिक मल वितरण गरेको थियो। सरकारले उपलब्ध गराउँदै आएको सहुलियतको उक्त मल यादवले भने पाउन सकेनन्। यादवले धान थन्क्याएलगत्तै करिब पाँच कट्ठा जग्गामा गहुँ छर्ने तयारी गरेका थिए। गहुँ बालीका लागि खेत जोतेर तयार पारिसक्दासमेत उनले युरिया र डिएपी मल किन्न पाएनन्। सोमबार पनि उनी मल लिन लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडको शाखा कार्यालय पुगे। 'खेती लगाउने समय घर्किसक्यो, कतैबाट पनि मल किन्न पाइएन। यहाँ त पाइन्छ कि भनेर आएको हुँ', कृषक यादवले भने, 'तर यहाँबाट पनि मल पाउन सम्भव भएन।'

कृषि सामग्री कम्पनी लिमिटेडले किसानलाई प्रत्यक्ष रुपमा मल दिन नमिल्ने र यसका लागि रासायनिक मल वितरण गर्ने सहकारी धाउनुपर्ने यादवले बताए। उनी रित्तै घर फर्किए। अनुदानको मल माारमा समेत मल अभावले किन्न नपाएको यादवको गुनासो छ। यादवको जस्तै सिरहाका १७ वटै पालिकाका अधिकांश किसानले मल पाउन सकेका छैनन्। कतिपयले मल अभावका कारण गहुँ छर्न पाएका छैनन्। कतिपयले उम्रिएको गहुँमा मल छर्न सहकारी तथा अन्यत्र भौँतारिरहेका भेटिन्छन्। तर मल

-बाँकी तीन पेजमा




**CITY TRADE CONCERN**
Hero Showroom Lahan-3, Global Bank को तल, पूर्व बस स्टेण्ड
Contact No. 033-565201, 565202, 9852831698

## मुसहर समुदाय अधिकारबाट वञ्चित

**लक्ष्मी चौधरी**

जनकपुर, ९ पुस। जनचेतनाको अभावमा मधेशका मुसहर समुदायका नागरिक सरकारी सेवा र नागरिक अधिकारबाट वञ्चित हुनुपरेको छ। नागरिकता र जन्मदर्ता नेपाली नागरिकको जन्मसिद्ध अधिकार हो। तर जनचेतना अभावमा धनुषास्थित जनकपुरधाम उपमहानगरपालिका-७ का मुसहर समुदायका जनता सो अधिकारबाट वञ्चित हुन बाध्य छन्। आफूले पाउनुपर्ने अधिकार बारे चेनता नहुँदा यस्ता धेरै परिवार सरकारी सेवा सुविधाबाट वञ्चित हुनु परेको हो। यस्ता समस्या जनकपुरधामको मात्र नभएर प्रदेशको आठ वटै जिल्लामा समस्या यथावत नै छ। कर्मचारी नमान्ने, कहिले वडाध्यक्ष नमान्ने लगायतका समस्यामा जनचेतना अभावमा बोल्न नसक्दा मुसहर समुदायका नागरिक अधिकारबाट वञ्चित हुनुपरेको छ। बालबालिकाको अधिकारको पहिलो पाइला नै जन्मदर्ता हो। तर समुदायमा चेतना अभावमा मधेशका हजारौं बालबालिका अधिकारबाट वञ्चित हुन पुगेका छन्।

जनकपुरधाम उपमहानगरपालिका ७ की दसीया देवी सदाले भन्नुभयो, "मेरो विवाह सानै उमेरमा भयो। मेरो ५ जना छोराछोरी

-बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 9801591693 | 9819784901

## स्तन क्यान्सरका लक्षणहरू

- स्तन वा काखी मुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्र तर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए तुरून्तै चिकित्सकसंग परामर्श गरौं

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## लेखा समितिका सभापति विवादको घेरामा

संसदीय शासन प्रणालीमा प्रतिनिधि सभाको सार्वजनिक लेखा समिति सरकारलाई विशेषगरी वित्तीय अनुशासनमा राख्ने सर्वाधिक प्रभावशाली संस्था मानिन्छ। उसको कामै राज्यको ढुकुटीमा भएका र हुनसक्ने अनुचित क्रियाकलाप छानबिन गरी कारबाही गर्न सरकारलाई बाध्य पार्नु हो। नेपालमा पनि विगतमा सरकारी आर्थिक कारोबारमा बेथिति पहिचान गर्ने र कारबाही गराउने पाटमा लेखा समितिको भूमिका उल्लेख्य थियो। सक्रियताकै कारणले समितिको विशेष महत्त्व स्थापित भएको थियो। दुर्भाग्य, यतिखेर लेखा समितिका सभापति ऋषिकेश पोखरेल स्वयं विवादमा परेका छन्। अर्कोतिर लामो समयसम्म समितिको बैठक पनि बस्न सको छैन भने बस्न पनि नसक्ने परिस्थिति उत्पन्न भएको छ। सम्भवतः सदस्यहरूले आफ्नै चर्को विरोध गर्ने डरले सभापति पोखरेलले लामो समयसम्म समितिको बैठक नबोलाउने रणनीति अपनाए। बल्लबल्ल चार महिनापछि सोमबार समितिको बैठक त बस्यो तर विपक्षी सदस्यहरूले सभापतिकै राजीनामा मागे। बैठक अगाडि बढेन।

विगतमा लेखा समिति निरन्तर चलिरहन्थ्यो। उसले मन्त्री, सचिवलगायत सरकारी अधिकारीहरूलाई समितिमा उपस्थित गराएर सोधपुछ र छानिबन गर्थ्यो। समिति त्यसरी सक्रिय रहँदा सरकारी अधिकारी असन्तुष्ट बन्न पुगेको वा तिनले असन्तुष्टि जाहेर गरेको घटनासमेत भए। तर, यतिखेर भने २०८१ भदौ ९ मा बत्तीसौं बैठक बसेको लेखा समितिको तेत्तीसौं बैठकका लागि पुस ८ गतेसम्म कुर्नुपर्यो। अब पनि सभापति पदमा पोखरेल निरन्तर रहने हो भने समितिका आगामी बैठकहरू पनि प्रभावित हुने देखिन्छ। सत्तारुढ नेकपा (एमाले)का सांसद् भए पनि संसदीय परम्पराविपरीत पोखरेल लेखा समितिको सभापति पद छाडेका छैनन्। त्यसमाथि सभापति पोखरेलकी पत्नी सहकारी ठगी प्रकरणमा मुछिएकी छन्। यी दुवै विषय आगामी बैठकहरूमा पनि पक्कै उछालिनेछन्। दोस्रो, सभापति पोरेलमाथि ‘डेडिकेटेड ट्रंकलाइन’ विद्युत् बक्यौता असुली प्रकरणमा बढी दलगत स्वार्थ देखाएको आरोप लागेको छ।

मन्त्रिपरिषद्मा मन्त्रीको बोलीलाई राय ठान्दै प्रधानमन्त्रीले आफूले चाहेअनुरुप निर्णय लिनसक्ने परम्परा छ। त्यो कार्यविधि समितिमा लागु हुँदैन। कुनै विषय बढी विवादित भएमा मतदान प्रक्रियाद्वारा टुंग्याउन सकेसम्म सहमतिमा नै निर्णयमा पुग्ने र कदाचित मतदान भइहाल्यो भने मत बराबरी हुँदामात्रै सभापतिले निर्णायक मत प्रयोग गर्ने अभ्यास छ। खासमा पोखरेल ‘एमालेको स्वार्थमा बढी रुमल्लिँदा’ पनि थप विवादमा परेका हुन्। डेडिकेटेड/ट्रंकलाइन प्रकरणमा एमाले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमार्फत कारबाही गराउन चाहन्छ। त्यो रणनीति बुझेका अरूले फरक मत राखेपछि निर्णयविहीन अवस्थामा पुगेको हो।

अरूको आर्थिक विवाद वा प्रकरण सल्टाउनुपर्ने समिति सभापतिका कारण स्वयं विवादमा परिरहँदा संसदीय अभ्यासप्रति नै नकारात्मक सन्देश गएको छ। यति धेरै विवादित भएर पनि सभापतिको कुर्सीमा रहनुभन्दा पोखरेल स्वयंले पनि नैतिकता प्रदर्शन गर्दै पद त्याग गर्नु उनको। लेखा समितिको र संसदीय परम्पराको हितमा हुने देखिन्छ। सँगै संसदीय प्रचलनअनुरूप लेखा समितिको सभापति विपक्षी दललाई नै बनाउनु उपयुक्त देखिन्छ। संसदीय कालखण्डमा कहिले प्रमुख विपक्षी त र कहिले साना दलबाट सभापति हुँदाका बखत प्रभावकारी तवरमा सार्वजनिक लेखा समिति चलाएको उदाहरण नेपालमै पनि छन्।

विसं २०५१ मा एमालेको अल्पमत सरकार हुँदा प्रमुख विपक्षी नेपाली कांग्रेस थियो। स्वाभाविकरूपमा कांग्रेस लेखा समितिको दाबेदार थियो। तर, नेपाल सद्भावना पार्टीका हृदयेश त्रिपाठी सभापति बने। उनी सभापति हुँदा लेखा समिति प्रभावकारी देखिएको थियो। विपक्षी लेखा समिति सभापति हुने परम्परा २०६६ जेठ तोडियो भने २०७३ मा सत्तारुढ दलले चुनावै गरेर सभापति आफैँले लिए। सत्तासँग बहुमत सदस्य हुन्छ। सत्तारुढ दल प्रतिस्पर्धामा उत्रेपछि विपक्षीले जित्ने सम्भावना थिएन। बहुमतकै आडमा चुनाव गराएर संसदीय मान्यता भङ्ग गरेको घटना नेपालको संसदीय अभ्यासमा कलङ्कका रूपमा रह्यो। विडम्बना, यतिखेर प्रमुख विपक्षीलाई लेखा समिति सभापति दिनुपर्छ भन्ने माग राख्ने माओवादीकै उम्मेदवार उतिखेर चुनावी प्रतिस्पर्धाबाट सभापति बनेका थिए।

संसदीय इतिहासमा लागेको त्यो दाग मेटिनुपर्छ। संसदीय परम्परामा सरकारले ढुकुटी चलाउँछ भने विपक्षले निगरानी गर्छ। त्यो मान्यता पुनःस्थापित गर्न पनि लेखा समितिको सभापति विपक्षी दललाई दिइनुपर्छ। स्वस्थ र स्वच्छ संसदीय अभ्यासतिरै पाइला चाल्दा मात्रै लोकतान्त्रिक पद्धति दर्विलो बन्छ। सभापतिका कारण यसअघि पनि बेला बेला विवाद आइरहेकै हो। संसदीय अभ्यास परिपक्व हुँदै जाँदा कम्तीमा लेखा समितिको सभापति सधै विपक्षी हुने व्यवस्था मिलाउनु उचित हुनेछ। त्यसैले सरकार बदलिएसँगै लेखा समितिको सभापति बदलेर भए पनि विपक्षी नै हुने राजनीतिक सहमति कायम गरियोस्।

# पूर्वराष्ट्रपति भण्डारी र पूर्वउपराष्ट्रपति पुन फेरि किन आउने राजनीतिमा ?

**शिव लम्साल**

एक होइन, लगातार दुई कार्यकाल राष्ट्रपति भइसकेकी विद्या भण्डारी र पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन फेरि राजनीतिमा सक्रिय हुन थालेको चर्चासँगै प्रश्न उठेको छ– राष्ट्र प्रमुख र उपराष्ट्र प्रमुखसम्म भइसकेका व्यक्ति पुनः राजनीतिमा किन र केका लागि आउने ? २०७९ फागुन २९ गते शीतल निवास छाडेर बुढानीलकण्ठस्थित निजी निवासमा बस्दै आएकी विद्याले एमालेभित्र ‘ओलीइतर पक्ष’को नेतृत्व गर्न थालेको बताइन्छ। राष्ट्रपतिको कार्यकाल पूरा भएपछि विद्या पहिलोपटक एमालेनिकट अखिल नेपाल महिला संघद्वारा २०८१ जेठ १६ मा आयोजित एक कार्यक्रममा प्रमुख अतिथि भएकी थिइन्। असार ३ गते मदन भण्डारी फाउन्डेसनको स्थलगत अवलोकन गरेर उनले राजनीतिक सक्रियताको छनक दिएकी थिइन्।

उता विद्या भण्डारी राजनीतिमा सक्रिय हुने चर्चाबिच माओवादी केन्द्रले पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनलाई पार्टी उपाध्यक्ष मनोनयन गर्ने प्रक्रिया थालिसकेको छ। माओवादी पदाधिकारी बैठकले पुनलाई उपाध्यक्ष बनाउने निर्णय गरिसकेको छ। पदाधिकारी बैठकले विधान संशोधन गर्न वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठको संयोजकत्वमा महासचिव देवप्रसाद गुरुङ तथा उपमहासचिवहरू वर्षमान पुन र जनार्दन शर्मा सदस्य रहेको कार्यदल बनाइसकेको छ। केन्द्रिय समिति बैठकमा संशोधित विधान पारित गर्ने र पुनलाई उपाध्यक्षमा मनोनीत गर्ने तयारी भइरहेको छ।

**दाहालका दाउ**

पूर्वउपराष्ट्रपतिलाई पार्टी राजनीतिमा सक्रिय गराएर माओवादी केन्द्रले एमालेभित्र विद्याको राजनीतिक सक्रियतालाई पनि उक्साइरहेको बुझ्न सकिन्छ। विद्यालाई एमाले नेतृत्वमा स्थापित गराएर राजनीतिक लाभ लिने ताकमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ देखिन्छन्। यसमा दाहालका दुईथरी दाउ छन्। पहिलो त नन्दबहादुरलाई उपाध्यक्ष बनाएर उनले आफ्नाविरुद्ध पार्टीभित्र मौलाउँदो जनार्दन शर्मा ‘प्रभाकर’ समूहलाई सन्तुलनमा राख्न चाहन्छन्न नन्दबहादुरलाई उपाध्यक्ष मात्र होइन नेत्रविक्रम चन्द ‘विप्लव’को पार्टीसँग एकीकरण गरी विप्लवलाई महासचिव नै बनाएर प्रभाकरलाई साइजमा राख्न चाहन्छन्।

दाहालको अर्को दाउ एमालेसँगै एकीकरण गर्ने हो। दाहालको पहिलेदेखिकै सपना हो, एमालेजस्तो दरिलो संगठनको अध्यक्ष बन्ने। माओवादी र एमालेबिच एकता भएर नेकपा गठन भए पनि एकीकृत पार्टीमा दाहालको दबदबा कायम हुन सकेन। अध्यक्ष ओलीले दाहाललाई नेकपामा आफू समान हैसियत दिएनन्, अर्थात् आफूपछिको वरीयताभन्दा दाहाललाई माथि उठ्न दिएनन्। ओलीको दबदबासामु दाहालको उतिबेला केही जोर चलेन। अदालतले दुवै दललाई पूर्ववत अवस्थामै फर्काएपछि दाहाल पुनः तेस्रो ठुलो दलको अध्यक्षको हैसियतमा संकुचित भए। दाहालको भित्री चाहना अझै पनि माओवादी र एमालेलाई मिलाएर आफू त्यसको सर्वेसर्वा बन्ने नै हो। त्यसका लागि ‘ओली फ्याक्टर’ बाधक भएकाले दाहाल ‘ओलीमुक्त एमाले’को अभियानमा रहेको देखिन्छ। गत निर्वाचनमा ओली निकटका नेताहरू विष्णु पौडेल, शंकर पोखरेल, ईश्वर पोखरेल, महेश बस्नेत, प्रदीप ज्ञवाली र गोकुल बाँस्कोटालाई कुनै हालतमा हराउने रणनीति माओवादीले बनाएको थियो, जसमा केही हदसम्म सफल पनि भयो। बाँस्कोटा र पौडेल मात्र निर्वाचनमा विजय भए। अब एमाले पार्टीभित्रकै राजनीतिमा खेलेर ओली पक्षलाई कमजोर बनाउने दाउपेच दाहालको देखिन्छ।

यही प्रयोजनका खातिर ओलीको ‘काउन्टर’मा विद्यालाई सक्रिय बनाउन दाहालले पनि भरमग्दुर कोसिस गरिरहेका छन्। एमालेको आगामी महाधिवेशनमा ओलीलाई कमजोर बनाएर विद्यालाई अध्यक्ष निर्वाचित गराउने, विद्या नेतृत्वको एमालेसँग माओवादीको एकीकरण प्रक्रिया थाल्ने, माधव नेपालको एकीकृत समाजवादी र नेत्रविक्रम चन्द ‘विप्लव’को पार्टीलाई समेत मिलाएर बलियो नेकपा बनाउने र २०८४ को निर्वाचनमा बहुमत ल्याउनेसम्मको ‘खयाली पुलाव’ दाहालको मनमा पाकिरहेको छैन होला भन्न सकिन्न। यता, आफ्नाविरुद्ध विद्यालाई उकास्न पार्टीभित्र र बाहिरबाट समेत चलखेल भइरहेको सुईको पाएपछि २०८१ मंसिर ३० मा प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले ‘पूर्वराष्ट्रपतिलाई राजनीतिमा ल्याउने गरी धेरै नउकास्न’ चेतावनी दिइसकेका छन्। उनले केही महिनाअघि पनि आफ्नो विकल्प खोज्ने काम कसैले नगर्दा हुन्छ भनेका थिए। ‘म झन् झन् तन्नेरी भएको छु, जुँगा पनि कालाकाला पलाउन थालेका छन्’ भनेर उनले आफू नेतृत्व दिन सक्षम रहेको जनाएका थिए।

**औचित्यमाथि प्रश्न**

दाहाल, ओली या विद्याका आ–आफ्नै दाउ होलान्। लोकतन्त्रवादीका दृष्टिले हेर्दा राष्ट्रको उच्च भूमिकामा पुगिसकेको व्यक्ति पुनः राजनीतिमा फर्कनु शोभनीय किमार्थ होइन। देश, जनता र दलका लागि नभई नहुने पात्र भएको भए बेग्लै कुरा, तत्तत् दलमा नेतृत्वको संकट समेत नपरेका बेला विद्या र नन्दबहादुरको राजनीतिक पुनरागमन उदेकलाग्दो मात्र होइन एक हदसम्म अपाच्य गतिविधि हो, बारम्बार पद ओगटिसकेका पात्रहरूको पद मोहको निरन्तरता मात्र हो, लोभको पराकाष्ठा हो। छिमेकी मुलुक भारतकै उदाहरण हेरौँ। पूर्वराष्ट्रपतिहरू कोही पनि राजनीतिमा फर्किएका छैनन्। भारतका प्रथम राष्ट्रपति राजेन्द्र प्रसादले पनि दुई कार्यकाल पूरा गरेका थिए। अवकाशपछि उनी पटनाको सदाकत आश्रममा बसेर पुस्तक लेख्न थाले। पूर्वराष्ट्रपति राधाकृष्णनन् कार्यकाल पूरा भएपछि आफ्नै निजी निवासमा पुस्तक लेखन, प्राध्यापन र सेमिनारहरूमा कार्यपत्र प्रस्तुतिमा व्यस्त रहे। यसै गरी पूर्वराष्ट्रपति भीभी गिरीले कार्यकालपछिको जीवन मद्रासस्थित आफ्नै निवासमा निकै शान्त र एकान्तमा बिताए।

अर्का पूर्वराष्ट्रपति नीलम सञ्जीव रेेडीले पनि रिटायरपछिको जीवन लेखपढ र निजी फार्महाउसका गतिविधिमा बिताए। उनले राष्ट्रपतिबाट हटेपछि लेखेको पुस्तक ‘विदआउट फियर अर फेभर : रिमिनिसेन्सेज एन्ड रिफ्लेक्सन्स अफ अ प्रेसिडेन्ट’ चर्चित छ। राष्ट्रपतिको कार्यकाल पूरा गरेपछि नै आर वेंकटरमणले ‘माई प्रेसिडेन्सियल इयर्स’ र अन्य दुई चर्चित पुस्तक लेखे। अर्का पूर्वराष्ट्रपति केआर नारायणले आफ्नो पैतृक सम्पत्ति कुनै आश्रमलाई दान दिए भने सामाजिक अभियानहरूमा सक्रिय रहे, तर राजनीतिमा फर्किएनन्। एपीजे अब्दुल कलामले राष्ट्रपतिको कार्यकालपछि बेस्ट सेलर पुस्तक नै लेखे। उनी कलेजहरूमा पढाउन जान्थे। सिलाङस्थित आईआईएममा लेक्चर दिइरहेकै बेला उनी बेहोस भएर ढलेका थिए, अस्पतालमा उनको निधन भयो। प्रणव मुखर्जीले पनि राष्ट्रपतिबाट अवकाश भएपछि पुस्तकहरू लेखे।

विद्या र नन्दबहादुरले अबको समय पुस्तक लेखन, सामाजिक सक्रियता र अन्य रचनात्मक काममा बिताउन सक्छन्। नेपालकै प्रथम महिला राष्ट्रपति बन्दाको गौरवलाई पुस्तकमा समेटेर भावी पुस्ताका लागि परिवर्तनको गौरव गाथा उनले दर्शाउन सक्छिन्। नन्दबहादुरले पनि सशस्त्र विद्रोहको डेपुटी कमान्डरदेखि उपराष्ट्रपति बन्दासम्मको अनुभवलाई समेटेर सुन्दर पुस्तक तयार गर्न सक्छन्, जसले उनी आबद्ध पार्टीले भन्ने गरेको ‘क्रान्ति गौरव’ अझ उचो बनाओस्। विद्या र नन्दबहादुरले रच्नुपर्ने इतिहास रचिसकेका छन्। देशले उनीहरूको सम्यक् भूमिकाबाट जे–जति लाभ लिनुपर्ने हो, लिइसकेको छ। देश र जनताका लागि उनीहरूले सक्ने गरिसके। अब केका लागि उनीहरू राजनीतिमा सक्रिय हुने ? देश, जनता र पार्टीले उनीहरूबाट त्यस्तो चामत्कारिक र अपरिहार्य भूमिका के खोजेको हो र उनीहरू राजनीतिमा आउनैपर्ने ?

नेपाली राजनीतिमा संकट नेतृत्वको होइन, असल नेतृत्वको हो। जनमानसमा हरेक दलका शीर्ष नेताहरूप्रति वितृष्णा छ। देशको चौतर्फी बेथितिबाट निराश जनता नयाँ विकल्प र नयाँ नेतृत्वको खोजी गरिरहेका छन्। पुरानै नेताहरूको विकल्प खोजिरहेको बेला एमाले र माओवादीले देशकै उच्च पदमा पुगिसकेका पात्रलाई राजनीतिमा सक्रिय गराउनुमा कुनै तुक देखिँदैन। न त अहिले एमालेलाई विद्याको खाँचो परेको हो, न माओवादीलाई नन्दबहादुरको। राष्ट्रपति र उपराष्ट्रपतिजस्तो उच्च पदमा पुगिसकेकाले अब विद्या र नन्दबहादुरको व्यवस्थापनको समस्या पनि सम्बन्धित दललाई नपर्नुपर्ने हो। योगदानको कदर नभएका, पालो नपाएका, अवसरबाट वञ्चित र पाखा पारिएका सक्षम, इमानदार र लामो समयदेखि ‘पार्टी पार्टी’ भन्दै भिडिरहेका दर्जनौँ व्यक्तिहरू पार्टीमा छन्, जसले मौका पाउनुपर्छ।

खासमा नेपाली राजनीतिले विद्या र नन्दबहादुरको भूमिका खोजेको होइन, बरु उनीहरूका लागि राजनीति अपरिहार्य भएको हो। राजनीतिको कथाले उनीहरूलाई मागेको होइन, उनीहरूको कथाले राजनीति मागेको स्पष्टै छ। दुई–दुई कार्यकाल राष्ट्रपति भइसकेपछि हालसम्मको प्राप्तिमै सन्तुष्ट भएर राजनीतिबाट टाढै बस्नुपर्नेमा विद्यामा जसरी राजनीतिक सक्रियताको ‘लोभ’ पलाएको छ, त्यसले उनले हालसम्म आर्जन गरेको व्यक्तित्वलाई कालान्तरमा धराशायी बनाउन सक्छ। एमालेकै लागि यो अनिष्टको कारक बन्न सक्छ। ‘पूर्वराष्ट्रपति’ या ‘पूर्वउपराष्ट्रपति’ सम्बोधन आफैँमा गौरव र गरिमाले ओतप्रोत छ। ‘सम्माननीय’ सम्बोधन पाइसकेका व्यक्तिहरू पुनः राजनीतिक उहापोह र लुछाचुँडीमा सहभागी हुँदा ‘अपमाननीय’ सम्बोधन पनि झेल्नुपर्ने हुन सक्छ। यति मात्र होइन, राष्ट्रपति र उपराष्ट्रपति पदकै गरिमा र उचाइ घटेर अवमूल्यन पनि त हुन सक्छ। आफ्नो मर्यादा, गौरव र गरिमा आफैँले कायम राख्नुपर्छ। राजनीति त यस्तो हिलोको दलदले भूमि हो, जहाँ हेलिएपछि सेतो पोसाकमा पनि कालो छिटा पर्न सक्छ। जोगिने आफैँले हो, दागरहित हुने आफैँ हो।

अर्कोतिर विद्या र नन्दबहादुर राष्ट्रपति र उपराष्ट्रपति भइरहँदा एमाले र माओवादीभित्र नयाँ सांगठनिक वरीयताक्रम निर्माण भएको छ। टुटफुट र विलयको प्रक्रियासँगै एमाले र माओवादीभित्र शीर्ष नेतृत्व तहपछिको अर्को नयाँ तह निर्माण भइसकेको छ। यस्तोमा लामो समय सांगठनिक भूमिकामा नरहेका विद्या र नन्दबहादुरलाई हालको वरीयताक्रम भंग गरेर हठात नेतृत्वमा स्थापित गराउँदा त्यसले दुवै पार्टीको सांगठनिक संरचना, गतिशीलता र एकरूपतामा खलल पुर्‍याउन सक्ने मात्र नभई पार्टीमा नयाँ गुटको जन्म गराउन सक्ने खतरा रहन्छ। पहिलेदेखि नै विभिन्न गुटगत राजनीतिको चपेटामा परेका दलहरूमा नयाँ गुटको जन्म झनै अनिष्टकारी हुन सक्छ।

यी यावत् कारणले पनि हाललाई विद्या र नन्दबहादुरले सक्रिय राजनीतिको महत्त्वाकांक्षा त्याग्नु श्रेयस्कर छ। त्याग भनेको पाएकाले गर्ने हो। विद्या र नन्दबहादुर राजनीतिमा लागेर पाउनुपर्ने पद, सम्मान, ख्याति, प्रशंसा पाइसकेका छन्। राजनीतिमा लाग्नेले प्राप्त गर्न सक्ने उच्च हदको सफलता र सम्मान पाइसकेपछि अब राजनीतिको झिँगे दाउमा लाग्नु भनेको आफैँले आफ्नो अवमूल्यन गर्नु हो, जुन जनताको दृष्टिमा पनि पाच्य हुँदैन।

# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

## कवाडी कर संकलन गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८१/०९/०९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ बमोजिम यस नगरपालिकाले लिन उठाउने पाउने कवाडी व्यवसाय कर संक्शन गर्न आ.व. २०८१/०८२ को लागि ठेक्का बन्दोवस्ती गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आ नो फर्मको नविकरण भएको प्रमाणपर, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको स्व घोषणा पत्रको प्रतिलिपि सहित रितपूर्वक सिलवन्दी बोलपत्र आह्वान गरिएको छ।

| ठेक्का नं. | ठेक्का किसिम | आय संकलन गर्ने दररेट | न्यूनतम रकम (मु.अ.क.बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी रकम | खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|
| ०२/२०८१/०८२ | कवाडी कर | • मदिरा सिसि (प्रतिधान) रु. ०.५० पैसा<br>• चुरा, पुटेको सिसा (सादा रंगिन) के. जी. ६. ०.५० पैसा<br>• प्लाष्टिकजन्य पदार्थ (के.जी.) रु. ०.५० पैसा<br>• फलाम वा फलामजन्य पदार्थ, तामा, पित्तल, आल्मोनीयम, स्टिल (के.जी. रु. १,००<br>• कागजजन्य पदार्थ (के.जी. रु. ०.५० पैसा<br>• हाइमिंग तथा खुर (राँगा, भैसी तथा खसी आदी पाल्तु जनावर को) रु. २.५०<br>• छाला (राँगा, भैसीको) रु. २५,००<br>• छाला (खसी, बोकाको १०.००<br>• अन्य वस्तुहरुको ६.०/५० पैमा | ५,००,५०१।– | १,०००।– | मु.अ.कर समेतको कबोल अंकको ५ प्रतिशत | २०८१।०९।१६ |

**शर्तहरु**

१. बोलपत्र फारम पेश गर्ने कर्मले बोलपत्र दस्तुर बापतको रकम यसबापतको रकम पातिकको दीवाल आईएमई बैंक गोलबजारको आन्तरिक राजस्व खाता नं. ५५०४०१००००००१ मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा मगर दाखिला गरेको रसिद सहित फर्मको ईजाजत पत्र, करचुक्ता प्रमाण पर आ.व. २०८०/०८१ को प्रतिलिपि संलम गर्नुपर्नेछ।

२. ठेक्का मान्य अवधि २०८२ असारमसान्तसम्म कायम रहनेछ।

३. बोलपत्र फारम प्रथम सूचना प्रकाशित मितिबाट २०८१/०९।१६ गते सम्म कार्यालय समयमा राजस्व शाखाबाट खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु मिति २०७१।०९।१७ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दार्ता गरिसक्नु पर्नेछ। दर्ता भई आएका बोलपत्रहरु सोही दिनको (२०८१।०९।१७ गते) २:०० बजे बस कार्यालयमा कार्यालयको प्रतिनिधिहरु र बोलस्दाताहरूको रोहवरमा खोलिनेछ। प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। साथै बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमश बोलपत्र खरिद एवं गर्ने अन्तिम दिन भासिने छ।

४. बोलपत्र फाराममा उल्लेखित कबोल अंकको ५% धरौटी रकम यस कार्यालयको ग्लोबल आईएमई बैंक गोलबजार स्थित खाता नं. ५५०४०१००००० १६ को धरौटी खातामा नगदै जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

५. यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईटः https://golbazarmun.gov.np र नगरपालिकाको आधिकारिक https://www.facebook.com/Golbazarnapa फेसबुक पेजबाट समेत जानकारी लिन सकिनेछ।

६. कुनै कारण जनाई वा नजानई बोलपत्र स्वीकृत अस्वीकृत गर्ने अधिकार गोलबजार नगरपालिकामा सुरक्षित रहनेछ।

७. अन्य थप जानकारीको लागि कार्यालय समयमा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।

**–प्रमुख प्रशासकीय अधिकृत**

### *सिरहाका किसानलाई ...*

सहजै पाइँदैन। भेटिए पनि चर्को मूल्य तिर्नुपर्छ। स्थानीय तहको सिफारिसअनुसार सहकारीमार्फत पाउनुपर्ने मल पनि किसानले पाउन सकेका छैनन्। किसानका लागि रासायनिक मल एकदमै न्यून मात्रामा प्राप्त भएको लहान नगरपालिका–२ का वडाध्यक्ष सियाराम यादवले बताए। मागको करिब एक तिहाइ मात्रामा रासायनिक मल उपलब्ध भएकाले अहिले मलको हाहाकार भएको उनले जानकारी दिए। किसानलाई दिइने मलको कोटा बढाउन वडाध्यक्ष यादवले सरकारसँग माग गरे ।

भारत तथा तेस्रो मुलुकबाट सरकारले खरिद गरेर ल्याएको रासायनिक मल कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनले कृषि सहकारी संस्थामार्फत किसानलाई अनुदानमा उपलब्ध गराउँदै आएको छ। स्थानीय तहमा त्यहाँका उपप्रमुख तथा उपाध्यक्षको नेतृत्वमा मल खाद्य आपूर्ति समितिको सिफारिसमा कृषि सहकारी डिलरबाट किसानलाई रासायनिक मल वितरण हुँदै आएको छ। सिरहामा १७ वटै पालिकामा गरी एक सय २० कृषि सहकारी डिलर रहेका छन्। यसबाटै किसानलाई रासायनिक मल वितरण गरिँदै आएको कृषि सामग्री कम्पनी लिमिटेडको शाखा कार्यालय लहानका प्रमुख दीपराज पौडेलले बताए। उनका अनुसार सरकारले नै न्यून मात्रामा उपलब्ध गराएकाले अहिले मल अभाव भएको हो।

सिरहामा ६ हजार चार सय हेक्टर खेतीयोग्य जमिन छ। त्यसमध्ये झण्डै ७५ प्रतिशतमा गहुँखेती हुने गर्छ। यसका लागि कम्तीमा चार हजारदेखि चार हजार पाँच सय मेट्रिक टन डिएपी मल र तीन हजार मेट्रिक टन युरिया मल आवश्यक पर्ने प्रमुख पौडेलले बताए। कार्यालयले मङ्सिरमा तीन चरणमा गरी एक हजार दुई सय ७२ मेट्रिक टन मात्र डिएपी मल वितरण गरेको उनले जानकारी दिए। पहिलो चरणमा आठ सय ७२ मेट्रिक टन डिएपी र एक हजार मेट्रिक टन युरिया, दोस्रो चरणमा तीन सय मेट्रिक टन डिएपी र त्यति नै मात्रामा युरिया तथा तेस्रो चरणमा एक सय मेट्रिक टन डिएपी र सोही मात्रामा युरिया वितरण गरिएको थियो। प्रमुख पौडेलले अझै आठ सय ५० मेट्रिक टन डिएपी मल आयात गरिने बताए। यहाँबाट वितरण गरिने डिएपी मल प्रतिबोरा दुई हजार दुई सय ७२ रुपैयाँ ५० पैसा, युरिया प्रतिबोरा आठ सय २२ रुपैयाँ ५० पैसा र पोटास एक हजार पाँच सय ७२ रुपैयाँ तोकिएको छ। धान, मकै, गहुँजस्ता प्रमुख खाद्यान्न बाली लगाउने मौसममा सधैँ रासायनिक मल अभाव हुँदा देशको अर्थतन्त्रमा समेत प्रतिकूल प्रभाव पारिरहेको छ ।

### *अवैध उत्खनन्...*

लहानका एक कर्मचारीका अनुसार मंगलबार बिहान ३ बजेतिर विशेष सूचनाका आधारमा लहानको टोली खोलामा गएको थियो। तर, उक्त टोलीले मात्रै ती गाडी नियन्त्रणमा लिन असम्भव भएपछि चोहर्वाबाट पनि थप टोली खोलामा गएको थियो ।

बालबालिकाले आफै मोबाईल चलाउँदैनन्। अभिभावकले अत्याधिक मोबाईल प्रयोग गर्दा उनीहरुले पनि देखेर सिक्छन् र लत बस्छ।

# ओखलढुंगाको चिशंखुगढीमा सामाजिक परीक्षण

ओखलढुंगा, ८ पुस। ओखलढुंगाको चिशंखुगढी गाउँपालिकामा गाउँपालिका तथा सि.एम.सी.–नेपालको साझेदारीमा संचालित मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग कार्यक्रम, लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम र प्रतिकार्य परियोजना दोस्रो चरणको सामाजिक परीक्षण कार्यक्रम गरिएको छ। चिशंखुगढी ५ सेर्नास्थित गाउँपालिकाको सभाकक्षमा सोमबार आयोजित कार्यक्रममा नगरका विभिन्न वडाबाट मानसिक स्वास्थ्यका बिरामीका आफन्तहरुले आफूहरुको आयआर्जन र स्वास्थ्य बीमाका लागि पहल गरिदिन माग गरे। मानसिक स्वास्थ्य सम्बन्धी समस्या भएको व्यक्तिको परिवारको आयआर्जनका लागि सि.एम.सी.–नेपालमार्फत् मानसिक स्वास्थ्य स्वालम्बन समूहमा बीउ पूँजी प्राप्त गरी संचालनमा रहेको घुम्ती कोषमा गाउँपालिकाले पनि थप रकम गरिदिन उनीहरुको आग्रह थियो।

चिशंखुगढी २ पोखरेस्थित मानसिक स्वास्थ्य स्वालम्बन समूहकी कोषाध्यक्ष समेत रहेकी रेखा तामाङ्ले बिपन्न आर्थिक अवस्थाका मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिको उपचार र जाँच स्थानीय स्वास्थ्य चौकीमा हुने भएपनि थप उपचार र निःशुल्क बाहेकका औषधि किन्न नसक्ने भएकाले गाउँपालिकाले स्वास्थ्य बीमा गरिदिन माग गरिन्।




'श्रीमान मानसिक अपांगताले अप्ठ्यारोमा हुँदा उपचारपछि ठीक हुनुभयो' उनले भनिन् 'तथापि अहिले दैनिक गुजारा चलाउन अप्ठ्यारो छ, आयआर्जनका लागि घुम्ती कोषको सहयोगले बाख्रापालन गरिरहेकी छु।'

महिला स्वास्थ्य स्वयम्सेविका समेत रहेकी समूहकी अध्यक्ष रेखा श्रेष्ठले मानसिक स्वास्थ्य र हिंसा प्रभावितहरुका लागि पालिकाले सीपमूलक तालिमसहित बीउ पूँजीको व्यवस्था गरिदिन माग गरिन्।

**'स्रोत सधानले भ्याएसम्म सघाउँछौं'**

सामाजिक परीक्षण कार्यक्रमको अध्यक्ष समेत रहेका चिशंखुगढी गाउँपालिका अध्यक्ष निशान्त शर्माले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग कार्यक्रम र लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम सम्बन्धी कार्यक्रमको उपलब्धि, पालिकाले गर्नुपर्ने काम र सेवाग्राहीको गुनासो तथा सुझावका लागि सामाजिक परीक्षण कार्यक्रम गर्नैपर्ने औंल्याए। गुणस्तरीय सेवा प्रवाह, सुशासन र पारदर्शिताका लागि यस्तो कार्यक्रम जरुरी रहेको उल्लेख गर्दै उनले भने 'सिंगो पालिकालाई मानसिक स्वास्थ्य समस्या मुक्त र हिंसारहित बनाउन सीमित स्रोत साधनले भ्याएसम्म काम गर्न तयार छौं।'

'मानसिक स्वास्थ्य समस्या जटिल बन्दै गएको छ' उनले भने 'त्यो समस्याको भुक्तभोगी सम्बन्धित परिवार मात्र हो तर अहिले स्थानीय सरकार पनि जोडिएको छ।' पालिका अन्तर्गतका स्वास्थ्य चौकीमा मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिको उपचार र मनोपरामर्शले पनि ठीक हुन्छ भन्ने कुरा फैलाउनु पर्ने खाँचो औंल्याउँदै उनले भने 'त्यस्ता परिवारलाई आयआर्जनमा जोड्न पालिकाले पनि सक्दो सघाउने छ।'

चिशंखुगढी १ कुइभिरस्थित स्वास्थ्य चौकीका सिअहेव अजित राईले मानसिक स्वास्थ्य सम्बन्धी तालिम लिएपछि मात्र स्वास्थ्य चौकीमा आउने बिरामीमा मानसिक स्वास्थ्य सम्बन्धी समस्या छ कि भन्ने दृष्टिकोणले पनि हेर्न थालेको बताए। 'पेट दुख्ने, टाउको दुख्ने बिरामीहरुमा पनि मानसिक स्वास्थ्य सम्बन्धी समस्या देख्यौं र उपचार पछि ठीक पनि हुनुभयो' उनले भने। मानसिक स्वास्थ्य सम्बन्धी समस्या भएका बिरामीलाई ९० प्रतिशत मनोपरामर्श र १० प्रतिशत मात्र औषधिले ठीक हुने उल्लेख गर्दै उनले मनोपरामर्शलाई व्यापकता दिइनु पर्ने आवश्यकता औंल्याए।

चिशंखुगढी गाउँपालिका स्वास्थ्य शाखाका संयोजक थिरप्रसाद भट्टराईद्वारा संचालित सामाजिक परीक्षण कार्यक्रममा पत्रकार सामाजिक परीक्षक मणिलाल विश्वकर्माले गाउँपालिकाका जनप्रतिनिधि, लक्षित समूह, स्वास्थ्य शाखा, सामान्य अवस्थामा फर्किएका बिरामीका आफन्त, मानसिक स्वास्थ्य स्वालम्बन समूहका सदस्यसँग छुट्टाछुट्टै रुपमा लक्षित समूह छलफल, अन्तरवार्ता, घटना अध्ययनमार्फत् प्राप्त सूचनाको आधारमा संचालित मुख्य कृयाकलाप, मानसिक स्वास्थ्य सम्बन्धी तालिमपछि गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामार्फत् सेवा लिएका बिरामीको तथ्यांक र अवस्था, सिकाई, चुनौती, सुझाव तथा सिफारिश, घटना अध्ययनको प्रस्तुतीकरण गरेका थिए।

त्यसक्रममा लैंगिक विभेदमा आधारित हिंसा रोकथाम र प्रतिकार्य अन्तर्गत, पालिकाबाट नियुक्ति लिएका चार जना सामुदायिक मनोसामाजिक कार्यकर्ताका लागि आधारभूत र पुनर्ताजगी तालिम, सामुदायिक मनोसामाजिक कार्यकर्ता र संयोजकको रुम्जाटारमा सुपरभिजन, लैंगिक हिंसा निवारण कोषबाट १० जनाले सेवा र चार जनाले जीविकोपार्जनका लागि सुविधा पाएको, आर्थिक वर्ष २०८१/०८२ मा चिशंखुगढीका लागि प्रदेश सरकारबाट कोषमा दुई लाख ५० हजार रुपैयाँ विनियोजन, विश्व आत्महत्या रोकथाम दिवस लगायतका

# तरकारीखेतीको आम्दानीबाट जीविकोपार्जन गर्दै कुशाहाका दलित समुदाय



सप्तरी, ९ पुस। सप्तरीको सुरुङ्गा नगरपालिका-५ स्थित कुशाहाका पबितार पासवानले पाँच वर्षदेखि व्यावसायिक तरकारीखेती गर्दै आएका छन्। उनले तरकारीखेतीबाट परिवारको जीविकोपार्जन मात्र होइन, मनग्य आम्दानी पनि गर्दै आएका छन्। "आजभोलि तरकारी टिप्ने, बजारसम्म लैजाने र बिक्री गर्ने काममा निकै व्यस्त हुन्छु। परिवारका सबैजना यही काममा लागिपरेका छौँ", खेतमा गोलभैँडा गोडमेल गर्दै गरेका पबितारले भने, "वर्षको तीन यामसम्म तरकारी लाउने गरेको छु। यसबाट वार्षिक रु एक-डेढ लाख आम्दानी हुने गरेको छ।" उनले आफ्नो स्वामित्वमा रहेको दुई कट्ठा तथा लिजमा लिएर चार कट्ठा जमिनमा तरकारीखेती गरिरहेको बताए।

पबितारले यस वर्षमात्र दुई क्विन्टल काउलीबाट मात्र रु ६० हजार आम्दानी गरे भने अहिले खेतमा गोलभैँडा लगाएका छन्। उनीजस्तै सोही ठाउँका चलितर पासवानले पनि तरकारीखेती गरेर नियमित आम्दानी गर्दै आएका छन्। तरकारीखेतीको आम्दानीबाट आफ्नो १२ जनाको परिवारको जीविकोपार्जन भइरहेको उनले बताए। गोलभैँडा, काउली, भिण्डी, बोडीलगायत तरकारी लगाउने गरेको उनले जानकारी दिए।

पबितार, चलितरजस्तै यस गाउँका अधिकांश विपन्न दलित परिवारको तरकारीखेतीबाट जीवतस्तर उकासिएको छ। उनीहरूले 'बिर्धना कृषिक समूह' गठन गरेका छन्। विभिन्न संघसंस्था तथा स्थानीय निकायबाट संस्थागत रूपमा उनीहरूले सहयोग लिने गरेका छन्। उक्त कृषि समूहमा अहिले १६ जना सदस्य छन्। यहाँका गरिब तथा विपन्न दलित समुदायलाई तरकारीखेतीतर्फ आकर्षित गर्ने काम सबल नेपालले गरेको हो। किसानलाई खेतीसम्बन्धी तालिम, उपयुक्त बीउबिजन, नयाँ कृषि प्राविधिक सामग्री, मल्चिङ प्रविधि सहयोग गर्दै आएको कार्यक्रमका सुपरभाइजर अशोककुमार साहले बताए। उनले नगरपालिकासँग समन्वय गरेर आफूहरूले कृषि, शिक्षा, बालबालिकाको क्षेत्रमा निरन्तर काम गर्दै आएको जानकारी दिए।

किसानले गरेको तरकारीखेतीको प्रभावकारिता, समस्या, चुनौती तथा समाधानका उपायको पनि संस्थाले पहिचान गर्ने गरेको जनाइएको छ। तरकारीखेतीले विपन्न दलित समुदायको जीवनस्तर नै बदलिएको भन्दै नगरपालिकाका कृषि शाखा प्रमुख रोशन चौधरीले आगामी दिनमा संस्थाले कार्यक्रम छाडेको अवस्थामा पनि नगरपालिकाले किसानलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

# छोटी सीमा नाकाबाट सवारी सञ्चालन गर्न माग

**सञ्जय कुमार मिश्र**

रौतहट, ९ पुस। रौतहटको छोटी सिमा नाकाहरूबाट (चार पाङ्ग्रे )सवारीसाधनहरू आवतजावत गर्नुपर्ने यहाँका सरोकावालाहरूले माग गरेका छन्। सरकारले गौर नाका भएर मात्र सवारीसाधन (चार पाङ्ग्रे ) जाने अन्य नाकाबाट रोक लगाइएको कार्यलाई तत्काल फिर्ता लिई छोटी सीमा नाकाबाट पनि सवारीसाधन आवतजावत गर्नुपर्ने माग गरेको हो। सीमा नाकाहरूबाट निर्वाध रूपमा गई रहेका चार पाङ्ग्रे सवारीसाधनलाई आवतजावतमा रोक लगाएपछि त्यस भेगका बासिन्दाहरूलाई विभिन्न काम बस भारततर्फ जान र आउन निकै लामो रुट भएर जानुपर्ने बाध्यतालाई अन्त गर्न तत्काल सञ्चालन गर्नुपर्ने नेकपा एकीकृत समाजवादी पार्टीका नेता रेवन्त भाले बताए। सीमा क्षेत्रका जनताहरू आजित भइसकेको हुँदा अविलम्ब चार पाङ्ग्रे सवारीसाधनमाथि रोकलाई खुकुलो बनाई छोटी भन्सारलाई सञ्चालनमा ल्याएर चेकजाँचको व्यवस्थापन गर्नुपर्ने मधेश प्रदेश सभाको पूर्वसदस्य बाबुलाल साहले माँग गरे।

छोटी सीमा नाका सञ्चालन गर्नका लागि सवसभन्न दबाबमुलक कार्यक्रमहरू अन्तर्गत नेपाल सीमा संघर्ष समिति परोहा रौतहटले प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई प्रमुख जिल्ला अधिकारी मार्फत ज्ञापन पत्र समेत बुझाएका हुन्। त्यस्तै गौर भन्सार कार्यालय अगाडि सडक अवरुद्ध गरी आधा घण्टा धर्ना लगायत नारा जुलुस प्रदर्शन समेत गर्दै आइरहेका राजनितिकर्मी पवन पटेलले बताए।

# अस्पतालमा अख्तियारको टोली

**अवधेशकुमार झा**

राजविराज, ९ पुस। सप्तरीको राजविराजस्थित गजेन्द्रनारायणसिंह अस्पतालमा मंगलबार साँझ अख्तियारको टोली पुगेको छ। साँझ अस्पतालमा पुगेको अख्तियारको टोलीले अस्पतालका कर्मचारीहरुसँग अस्पतालसँग सम्बन्धित विषयमा जानकारी लिएको छ। अख्तियारको इटहरीस्थित कार्यालय स्रोतका अनुसार गजेन्द्रनारायण सिंह अस्पतालका विभिन्न कार्यक्रमबारे परेको उजुरीका सन्दर्भमा छानबिनका लागि अख्तियारको टोली त्यहाँ पुगेको हो। कर्मचारीहरुसित जानकारी लिएपश्चात् अख्तियारको टोली फेरि भोलि बिहान आउने भन्दै फर्किएको छ। अख्तियारको टोली अस्पतालको परिसरमा अनुगमन गरिरहँदा फोटो खिचेका संचारकर्मीहरुलाई फोटो डिलिट गर्न दबाब दिएका थिए।

# पालिकाका गरीब तथा विपन्न नागरिकलाई सिरक वितरण




**यादवराज पुरी**

रौतहट, ९ पुस। रौतहटको गरुडा नगरपालिकाले पालिकाभित्र रहेका गरीब तथा विपन्न नागरिकलाई सिरक वितरणको अभियान चलाएको छ। सिरक वा कम्बलको अभावमा कुनै पनि विपन्न वर्गका नागरिक कठ्याङग्रिएर सुत्न नपरोस् भन्ने उद्देश्यका साथ पालिकाले आफ्नो नौ वटै वडामा उक्त अभियान सञ्चालन गरेको हो। हालसम्म पालिकाले वडा नम्बर ९ को सिससवा, श्रीपुर र नगरकटिया टोलमा रहेका एक सय २५ जना अति गरीब र विपन्न परिवारलाई सिरक वितरण गरिसकिएको छ। यस्तै वडा नम्बर ३ र ९ का चार सय विपन्न परिवारलाई समेत सिरक वितरण गरेको नगरप्रमुख कन्थमणीप्रसाद कलवारले बताए। उहाँका अनुसार सुत्ने समयमा शरीर न्यानो पार्न ओढ्ने सिरक वा कम्बल अभावको कारण नगरका कुनै पनि विपन्न वर्गका नागरिकले समस्या भोग्न नपरोस् भन्ने उद्देश्यका साथ उक्त कार्य गरिएको हो। अभियान कार्यक्रममा उहाँले विपन्न नागरिकसँग प्रत्यक्ष भेटघाट गर्नुहुँदै उहाँहरूका समस्या र समाधानको सम्बन्धमा संवाद समेत गरेको छ।

उनले भने, "जाडोयाममा विशेष गरी वृद्धवृद्धा, बालबालिका, अपाङ्गता भएका नागरिक, सुत्केरी र आर्थिकरूपमा कमजोर परिवारको दैनिकी कष्टकर रहन्छ। त्यस्ता वर्गलाइ विशेष प्राथमिकतामा राखी सिरक तथा कम्बल वितरण गरिएको छ। पालिकाका एक हजार भन्दा बढी त्यस्ता घरपरिवारलाई उक्त सामग्री वितरण गरिने छ।" नगरप्रमुख कलवारको उक्त अभियानलाई लाभग्राहीले प्रशंसा गरेका छन्। सिरक पाएपछि न्यानो कपडा अभावमा कठ्याङग्रिएर सुत्नुपर्ने समस्याबाट मुक्त भएकोमा हर्षित हुँदै पालिकाको वडा नम्बर ७ भिमडाबरका जेष्ठ नागरिक रामएकवाल साहले नगरप्रमुख कलवारलाई धन्यवाद दिए। सिरक पाइसकेका र क्रमशः सम्पूर्ण वडामा सिरक वितरण गरिने जानकारी पाएपछि वडाका विपन्न परिवार खुसी देखिएका छन्।

## मुसहर समुदाय ...

छन्, अहिलेसम्म नागरिकता बनाउन सकिन। त्यसकारण छोराछोरीको जन्मदर्ता बनाउन पनि सकिरहेको छैन।" सोही वडाका विजय सदाले पनि नागरिकता नहुँदा बालबालिकाको जन्मदर्ता बनाउन सक्नुभएको छैन। जसकारण बालबालिकालाई विद्यालय छोडाउनु परेको बताउनुभयो। विजयले भन्नुभयो, "आमा बुवा बितिसक्नुभयो, उहाँको नागरिकता छ, मृत्युदर्ता छैन, जसकारण मेरो नागरिकता बन्न सकेको छैन। मेरो नागरिकता नहुँदा मेरा बच्चाको जन्मदर्ता बनाउन सकेको छैन, त्यसकारण विद्यालय छुटाउनु पर्यो।" यस्तै सोही वडाका एक पुरुषले निकै प्रयासका बावजुद नातिनातिनाको जन्मदर्ता बनाउन सफल भएको बताउनुभयो। उहाँले भन्नुभयो, "सरकारी दस्तुर मात्र लिनु भनेपछि वडाले काम रोकीदियो, निकै प्रयासका बावजुद पनि वडाले जन्मदर्ता बनाउन आलटाल गरेपछि बाध्य भएर छ हजार रुपियाँ तिरेर जन्मदर्ता बनाए।" मुसहर समुदायमा शिक्षा र साक्षरता दर न्यून हुनु, स्थानीय निकायबाट नागरिकता र जन्मदर्ताको महत्त्वबारे प्रभावकारी जनचेतना अभियानको अभाव हुनु तथा कागजात तयार धेरै प्रक्रिया भेल्नुपर्ने भएकाले मुसहर समुदायका बासिन्दाहरू नागरिकता र जन्मदर्ता प्रति निरुत्साहित छन्। उहाँहरू भन्नुहुन्छ, "पैसा बिना कुनै सरकारी काम हुँदैन, पैसाको बिटो बोकेर मात्र सरकारी कामकाजमा हात हाल्नुपर्छ।" नागरिकता र जन्मदर्तासम्बन्धी चेतनाको अभावले बालबालिका र महिलाको भविष्य अन्योलमा परेको देखिन्छ।






मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)